बेथानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

आन्तरिक आय संकलन सम्वन्धि शिलवन्दि बोलपत्र आव्हानको सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति २०७९/०४/३०

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २(घ)६, दफा ६२ क, बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७८ अनुसूची-६ तथा बागमती प्रदेश सरकारको आर्थिक विधेयक २०७९ को अनुसूची ५ बमोजिम यस गाउं कार्यपालिकाबाट आ.व. २०७९/०८० को सन्दर्भमा सम्झौता मिति देखि लागु हुने गरी २०८० असार मसान्त सम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का E-Bidding मार्फत बन्दोबस्त गर्नु पर्ने भएकाले गाउँपालिकाले तोकिएको दर रेटमा स्विकृत प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित अनुमती स्वीकृती प्राप्त खानी क्षेत्रहरुबाट स्विकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी गेडा, ढुंगा, ग्रावेल र माटो बिक्रि एवं श्रोत उपयोग कर संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र Electronic Bid Submission मार्फत शिलबन्दी बोलपत्र आव्हानको लागि सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

क.स.	आन्तरिक आय ठेक्का संकेत	ठेक्काको विषय क्षेत्र	तोकिएको अवधिको लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक)	बोलपत्र फाराम दस्तुर	धरौटी/जमानत रकम	स्वीकृत दर रेट		
						माल वस्तुको नाम	इकाई	करको दर रु. (मु.अ.कर बाहेक)
१	BRM/IR/01/2079/080	बेथानचोक गाउँपालिका क्षेत्र भित्रका खानी उत्खनन् तथा उत्पादन हुने (ढुंगा, रोडा, गिट्टि, ग्राभेल, बेस, माटो, चिप्स, डस्ट आदी) को बिक्रि/श्रोत उपयोग शुल्क	१०१२२३७४३/-	१०,०००/-	मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत	गेडा	प्रति घन फिट	रु ९।००
						स्लेट	प्रति वर्ग फिट	रु ९।००
						ढुंगा, ग्राभेल,चिप्स, बेस लगायत अन्य सोहि प्रकृतीका सामान	प्रति घन फिट	रु २।००
						माटो	प्रति घन फिट	रु ३।५०

ठेक्का सम्वन्धि शर्तहरु :

१. माथि उल्लेखित विषयको लागि बोलपत्र फाराम भरि Electronic Bid Submission मार्फत बुझाउनु पर्नेछ ।

२. बोलपत्र फाराम खरिदकोलागि अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, बेथानचोक गाउँपालिकाको नाममा ग्लोवल आइएमई बैंक बेथानचोक शाखाको आन्तरिक राजश्व खाता न. C५०४०१००००००५ मा रकम जम्मा गरेको भौचर सलग्न गरि PPMO को बेबसाइट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०७९/०५/१४ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत पेश गर्न सकिनेछ ।

३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) औं दिन मिति : २०७९।०५।१४ को १२:०० बजे भित्र PPMO को वेवसाइट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०७९/०५/१४ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत दर्ता गर्नु पर्नेछ । दर्ता हुन आएका बोलपत्रहरु बोल पत्र दर्ता गर्ने अन्तिम दिनको २.०० बजे पछि यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बेलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **ग्लोवल आई एम ई बैंक, ढुंखर्क शाखा, काभ्रेपलाञ्चोकमा** रहेको धरौटी खाता न. C५०१०१००००२० मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १८० (एक सय असी) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै बैंक जमानी पत्र (Bank Bid Bond) अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

५. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत सम्वन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको २५ प्रतिशत रकम (मु.अ.कर समेत) रकम बैंक दाखिला गरि तथा बाँकी रकमको कार्य सम्पादन जमानतपत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।

७. ठेकेदारले सम्झौतामा तोकिएको विषय क्षेत्रमा बोलपत्र फाराम साथ संलग्न दर रेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ । कर तथा सेवा शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ । साथै रकम सकलन केन्द्रमा शुल्क तथा दस्तुरको दर रेट सहितको सूचनाको साईनबोर्ड राख्नु पर्नेछ ।

८. यस सूचनामा उल्लेख भए बमोजिम नेपाल सरकार/दातृ निकायद्वारा सञ्चालन हुने विकास आयोजनाहरुको लागी प्रयोग हुने निर्माणजन्य सामाग्रीको विक्रीको हकमा सम्वन्धित आयोजना (स्वीकृत IEE को परिधि भित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा बेथानचोक गाउँपालिकाले सम्वन्धित आयोजनाबाट विक्रि मूल्य असुल गर्नेछ ।

९. स्वीकृत ठेक्काको ठेक्का किस्ता मु.अ.कर सहित देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ ।

क.स.	किस्ता	किस्ता बुझाउने समय	क.स.	किस्ता	किस्ता बुझाउने समय	किस्ता बापतको रकम
१	प्रथम	सम्झौताका वखत	३	तेस्रो	फाल्गुन मसान्त सम्ममा	सम्पूर्ण किस्ताको भार समान कबोल रकमको २५ प्रतिशत
२	दोस्रो	मंसिर मसान्त सम्ममा	४	अन्तिम	जेष्ठ मसान्त सम्ममा	

१०. ठेकेदार र कार्यालय बीचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न बेथानचोक गाउँपालिकाले निर्णय गर्नेछ ।

११. सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन । साथै, प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वयले बुझाउनु पर्नेछ । मुल्य अभिवृद्धि कर बापतको रकम किस्ता रकम संगै यस कार्यालयमा बुझाउनु पर्नेछ ।

१२. ठेक्का अवधिमा हुनसक्ने बन्द हडताल जस्ता सामान्य कारण केहीदिन कर सकलनको कार्यमा अवरोध भएमा कुनै किसिमको छुट/मिनाह दावी गर्न पाइने छैन । तर असामान्य एवम विषम परिस्थितिका कारण कर सकलन कार्यमा अवरोध भई ठेक्का सम्झौता रकम असुल हुन नसक्ने अवस्था देखिएमा ठेकेदारले माग दावी गर्न सक्नेछ र सो सम्वन्धमा गाउँपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।

१३. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाइएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

१४. जुन आ.व.को लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले सकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ ।

१५. ढुगा, गिट्टी, बालुवा ग्राभेल लैजादा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ ।

१६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कर्यालयमा सुरक्षित रहनेछ ।

१७. नेपाल सरकारबाट जारी ढुगा गिट्टी तथा बालुवा उत्खनन तथा विक्री व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्थालाइ पूर्ण रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

१८. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner